## आ. व. २०७७/७८ का लागि प्रदेश र स्थानीय तहमा समपुरक तथा विशेष अनुदान बाँडफाँट गर्न आयोजना/कार्यक्रम प्रस्ताव आव्हान गरिएको सूचना

**(प्रकाशित मितिः२०७६/०९/२)**

समपुरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ (दोस्रो संशोधन, २०७६) र विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५ (दोस्रो संशोधन, २०७६) मा व्यवस्था भए बमोजिम प्रदेश र स्थानीय तहबाट आ. व. २०७७/७८ मा कार्यान्वयन हुने आयोजना/कार्यक्रमहरुको लागि समपुरक तथा विशेष अनुदान माग गर्न आयोजना/कार्यक्रम प्रस्ताव सहित विवरणहरु तयार गरी २०७६ पौष मसान्त भित्र अनलाईन मार्फत् राष्ट्रिय योजना आयोगमा पठाउनुहुन सबै प्रदेश तथा स्थानीय तहहरुलाई यो सूचना जारी गरिएको छ।

प्रस्ताव पेश गर्दा प्रदेश तहको हकमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट र स्थानीय तहको हकमा सम्बन्धित महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिकाबाट पेश गर्नु पर्नेछ।आयोजना प्रस्ताव सम्बन्धी शर्त तथा अन्य आवश्यक कागजात र विवरणको जानकारी वेवसाइट www.npc.gov.np बाट प्राप्त गर्न सकिनेछ ।आवश्यक सूचना तथा फाईलहरु समेत उक्त लिंकबाट डाउनलोड गर्न सकिनेछ। समपूरक र विशेष अनुदानको लागि कार्यक्रम प्रस्ताव पेश गर्न अनलाईन प्रणालीमा प्रविष्ट गर्ने प्रकृया यस प्रकार रहेको छ।

१. प्रदेशहरुको लागि लग-इन गर्ने विवरणहरु राष्ट्रिय योजना आयोगबाट यस अगाडि उपलब्ध गराईसकिएकै छ । यस सम्बन्धी वेवसाइट www.msgrants.gov.np मा समपूरक तथा विशेष अनुदानको लागि प्रस्ताव पेश गर्ने लिंक खोल्ने र उक्त विवरणहरु भरी पेश गर्ने।
२. महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाँउपालिकाको लागि लग-इन गर्ने विवरणहरु समेत राष्ट्रिय योजना आयोगबाट यस अगाडि प्रदान गरिसकिएकै छ । यस सम्बन्धी वेवसाइट www.msgrants.gov.np मा गई समपूरक तथा विशेष अनुदानको लागि प्रस्ताव पेश गर्ने लिंक खोली उक्त विवरणहरु भरी पेश गर्ने।

यस सम्बन्धी अन्य जानकारी आवश्यक भएमा कार्यालय समयमा राष्ट्रिय योजना आयोगको टेलिफोन नं.०१४२११५८ मा र इमेल मार्फत समपूरक अनुदानको लागि mgrant@npc.gov.np तथा विशेष अनुदानको लागि sgrant@npc.gov.np मा सम्पर्क गर्न सकिनेछ।साथै यस सम्बन्धी कार्यविधिहरु राष्ट्रिय योजना आयोगको वेवसाइट www.npc.gov.np बाट समेत प्राप्त गर्न सकिनेछ ।

# समपूरक अनुदान

**१. समपूरक अनुदानका लागि निम्न क्षेत्रका परियोजनामा रकम माग गर्न सकिनेछः**

| क्र.सं. | मूलभूत क्षेत्रहरु | कार्यविधि बमोजिमका क्षेत्रहरु |
|---|---|---|
| १ | आर्थिक क्षेत्र | क. पर्यटन पूर्वाधार निर्माण आयोजना/कार्यक्रम |
| २. | कृषि भूमिसुधार तथा वन क्षेत्र | क. कृषि उपजको भण्डारण गृह तथा शीतगृह सम्बन्धी आयोजना/कार्यक्रम<br>ख. नवीनतम प्रविधिको प्रयोग गरी कार्यान्वयन गरिने सिंचाई तथा नदी नियन्त्रण आयोजना/कार्यक्रम<br>ग. वन तथा वातावरण संरक्षण सम्बन्धी आयोजना/कार्यक्रम |
| ३. | पूर्वाधार क्षेत्र | क. ग्रामीण क्षेत्रमा एकीकृत बस्ती विकासका लागि कार्यान्वयन गरिने नमूना आवास आयोजना/कार्यक्रम<br>ख. मझौला तथा ठूला पुल निर्माण सम्बन्धी आयोजना/कार्यक्रम<br>ग. सौर्य, वायु, जैविक लगायतका वैकल्पिक उर्जा उत्पादन र विज्ञान तथा प्रविधि पूर्वाधार निर्माणसँग सम्बन्धित आयोजना/कार्यक्रम<br>घ. स्थानीय ग्रामीण वा कृषि सडक, जल मार्ग, शहरी सडक वा प्रदेश लोकमार्गसँग सम्बन्धित सडक आयोजना<br>ङ. विद्युत सेवाबाट वञ्चित रहेको तथा राष्ट्रिय प्रसारण लाईनको पहुँच नभएको क्षेत्रमा कार्यान्वयन गरिने विद्युत उत्पादन तथा प्रसारण आयोजना/कार्यक्रम |
| ४. | सामाजिक क्षेत्र | क. प्रदेश विश्वविद्यालय, विद्यालय भवन निर्माण सम्बन्धी आयोजना कार्यक्रम<br>ख. स्वास्थ्य चौकी, अस्पताल तथा सोसँग सम्बन्धित पूर्वाधार निर्माण आयोजना/कार्यक्रम |

| | | |
|---|---|---|
| | | ग. खानेपानी सम्बन्धी आयोजना/कार्यक्रम<br>घ. नवीनतम प्रविधिको प्रयोग गरी फोहोरमैला प्रशोधन र व्यवस्थापन गर्ने आयोजना/कार्यक्रम |
| ५ | सुशासन तथा अन्य क्षेत्र | क. स्थानीय तहको वडा कार्यालय रहने भवन निर्माण आयोजना/कार्यक्रम<br>ख. नेपाल सरकारको नीति तथा कार्यक्रम र बजेटमा संघ प्रदेश र स्थानीय तहबीच सहकार्य र संयुक्त लगानीमा कार्यान्वयन गर्ने गरी तोकिएका आयोजना/कार्यक्रम |

२. **समपूरक अनुदान माग गर्दा आयोजना प्रस्तावको लागि तयार/पेश गर्नु पर्ने आवश्यक कागजातहरु तथा विवरण**

**आवश्यक कागजातहरु**

(क) आयोजनाको सम्भाव्यता अध्ययन प्रतिवेदन (Feasibility Study Report )

(ख) आयोजनाको विस्तृत परियोजना प्रतिवेदन (DPR) वा विस्तृत ईन्जिनियरिङ्ग प्रतिवेदन (DER) वा ईन्जिनियरिङ्ग डिजाईन वा ड्रईङ्ग डिजाईन/स्पेशिफिकेशन सहितको विस्तृत प्रतिवेदन

(ग) प्रचलित कानून बमोजिम आयोजना/कार्यक्रमको प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन

(घ) आयोजनाको कूल लागत अनुमान सारांश (Summary of Cost Estimate)

(ङ) आयोजनाको कार्यान्वयन र संञ्चालनबाट सिर्जना हुने प्रत्यक्ष रोजगारीको विश्लेषण प्रतिवेदन

(च) प्रदेश वा स्थानीय तहले समपूरक अनुदान माग गर्ने सम्बन्धमा गरेको निर्णयको प्रतिलिपि

**विवरणहरु**

(क) आयोजना/कार्यान्वयन र सञचालनबाट लाभान्वित हुने जनसंख्याको विवरण

(ख) आयोजना/कार्यक्रमबाट प्राप्त हुने मापन योग्य प्रतिफल वा लाभको अनुमानित विवरण

(ग) आयोजना निर्माण कार्यान्वयन/ सञ्चालन गर्दा उपयोग हुने स्थानीय श्रोत साधनको विवरण

(घ) आयोजना/कार्यक्रम नेपाल सरकारको वर्तमान नीति तथा कार्यक्रम, सम्बन्धित प्रदेश वा स्थानीय तहको नीति तथा कार्यक्रम, वार्षिक कार्यक्रम र प्राथमिकतामा परेको पुष्टयाँईको विवरण

(ङ) आयोजना सम्बन्धित प्रदेश वा स्थानीय तहको पूर्वाधार निर्माणसंग सम्बन्धित रहेको पुष्टयाँईको विवरण

(च) आयोजनाले सम्बन्धित प्रदेश वा स्थानीय तहको जनताको आयस्तर वा गरीबी निवारणमा योगदान पुर्याउने पुष्टयाँईको विवरण

(छ) आयोजनाको कार्यान्वयनको लागि भौतिक क्षमता र जनशक्ति उपलब्ध रहेको पुष्टयाँईको विवरण

(ज) एक आर्थिक वर्ष भन्दा बढी अवधिको आयोजना कार्यक्रम भए प्रत्येक वर्षको लागि आवश्यक पर्ने रकमको विवरण र वार्षिक अपेक्षित भौतिक प्रगतिको विवरण।

३. **आयोजना प्रस्ताव गर्दा निम्न लिखित शर्तहरु पुरा भएको घोषणा गर्नुपर्नेछ।**

| **क्र.सं.** | **शर्तहरु** |
|---|---|
| १. | आ.व. २०७६/७७ मा समपूरक अनुदान प्राप्त गरेका बहुवर्षीय प्रकृतिका आयोजनाहरूलाई अनिवार्य पहिलो प्राथमिकतामा राखी आयोजना प्रस्ताव पेश गरेको । |
| २. | आयोजनाको कूल लागत निर्धारित सीमाभित्र रहेको (गाँउपालिका वा नगरपालिकाका लागि रु.१ करोडदेखि १० करोडसम्म, उपमहानगरपालिका वा महानगरपालिकाका लागि रु. ५ करोड देखि २५ करोड सम्म र प्रदेशको लागि २० करोड देखि १ अर्ब सम्म) । |
| ३. | आयोजना अवधि बढीमा ३ वर्ष भएको । |
| ४. | माथि उल्लेखित क्षेत्र अन्तर्गत प्रस्ताव गरेको (खुलाउनुपर्ने) । |
| ५. | आयोजना कार्यान्वियन गर्नुपर्ने आवश्यकता र पुष्ट्याँई भएको । |
| ६. | आयोजना कार्यक्रम कार्यान्वयनका लागि भौतिक क्षमता तथा जनशक्तिको उपलब्धता रहेको । |
| ७. | प्रदेश वा स्थानीय तहको आधारभूत पूर्वाधार निर्माणसंग सम्बन्धित रहेको । |
| ८. | जनताको आयस्तर तथा गरिबी निवारणमा योगदान पुर्‍याउने । |
| ९. | प्रस्ताव पेश गर्ने प्रदेश वा स्थानीय तहको वार्षिक कार्यक्रम तथा बजेटमा परेको । |
| १०. | स्थानीय सीप स्रोत र साधनको उपयोग हुने । |

| | |
|---|---|
| ११. | सम्बन्धित प्रदेश वा स्थानीय तहले सह-लगानीको रुपमा कम्तिमा ५० प्रतिशत रकम विनियोजन गरेको । |
| १२. | नेपाल सरकारको प्राथमिकतामा परेको क्षेत्रसंग सम्बन्धित भएको । |
| १३. | आयोजनाको विस्तृत प्रतिवेदन ड्रईङ्ग डिजाईन स्केच भएको । |
| १४. | आयोजनाको सम्भाव्यता अध्ययन भएको । |
| १५. | प्रचलित कानून बमोजिम वातावरणीय प्रभाव मूल्यांकन (EIA) वा प्रारम्भिक वातावरणीय परिक्षण (IEE) आवश्यक पर्ने भएमा सोको मूल्यांकन भएको । |
| १६. | वार्षिक लागत सहित आयोजनाको कार्यान्वयन योजना भएको । |
| १७. | नेपाल सरकारले कार्यान्वयन गर्ने वा प्रदेश वा स्थानीय तहले आफ्नै वा अन्य स्रोतबाट एवम् समानीकरण, सशर्त र समपूरक अनुदानबाट कार्यान्वयन गर्ने आयोजना/कार्यक्रमसंग दोहोरो नपरेको । |
| १८. | वातावरणमा प्रतिकूल असर नगर्ने प्रकृतिको । |
| १९. | स्थानीय तहहरूले अधिकतम ३ (तीन) वटा आयोजनाहरू प्रस्तावको रूपमा पेश गरेको र त्यस्ता आयोजनाहरूको प्राथमिकीकरण समेत निर्धारण गरी पेश गरेको । |
| २०. | प्रदेशहरूको हकमा अधिकतम १५ (पन्ध्र) वटा सम्म आयोजनाहरू प्रस्ताव गरेको र त्यसरी प्रस्ताव गर्दा प्राथमिकीकरण समेत निर्धारण गरी पेश गरेको । |

४. आयोजना प्रस्ताव गर्दा राष्ट्रिय योजना आयोगले तयार गरेको वेव साईट (www.msgrants.gov.np) बाट विवरणहरु अनलाईन भरी प्रस्ताव गर्नुपर्नेछ। माथि क्र.सं. ३ मा उल्लेखित कागजातहरु अनलाईनमा पेश गर्न नसकिने (प्रत्येक फाइल 1 MB भन्दा ठुलो) भएमा त्यसको सारांश तयार गरी पेश गर्नु पर्नेछ। राष्ट्रिय योजना आयोगले आवश्यक भएमा उक्त कागजातको प्रतिलिपी मगाउन सक्नेछ।

# विशेष अनुदान

**५. विशेष अनुदानको लागि निम्न क्षेत्रका आयोजना/कार्यक्रममा रकम माग गर्न सकिनेछः**

| क्र.सं. | मूलभूत क्षेत्रहरु | कार्यविधि बमोजिमका क्षेत्रहरु |
|---|---|---|
| १. | शिक्षा | न्यून साक्षरता भएका क्षेत्रको शैक्षिक विकासका लागि सो क्षेत्रमा सञ्चालन गरिने विशेष शैक्षिक आयोजना/कार्यक्रम |
| २. | स्वास्थ्य | बाल मृत्यूदर तथा मातृ मृत्यूदर अत्यधिक भएका क्षेत्रहरुमा प्रदान गरिने स्वास्थ्य सेवा सम्बन्धी विशेष आयोजना/कार्यक्रम |
| ३. | खानेपानी | दुर्गम तथा आर्थिक रुपले पिछडिएको क्षेत्रलाई लक्षित गरी सञ्चालन गरिने खानेपानी आपूर्ति सम्बन्धी आयोजना/कार्यक्रम |
| ४. | समावेशीकरण तथा मूलप्रवाहीकरण | अल्पसंख्यक सिमान्तकृत वर्ग एवम् दुर्गम तथा पिछडिएको क्षेत्र वा आर्थिक क्षेत्र, सामाजिक वा अन्य कुनै प्रकारले विभेद परेका वर्ग वा समुदाय उत्थान वा विकासका लागि तथा महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति तथा जेष्ठ नागरिक लक्षित गरी सञ्चालन गरिने आयोजना/कार्यक्रम |
| ५. | तहगत सन्तुलन | प्रदेश वा स्थानीय तहबीच भौतिक तथा मानवीय विकासको दृष्टिले सन्तुलन कायम गर्न सञ्चालन गरिने आयोजना/कार्यक्रम |
| ६. | खाद्य सुरक्षा | खाद्यान्नको उत्पादनमा न्यूनता भएका क्षेत्रमा खाद्य सुरक्षा तथा पोषण सुनिश्चित गर्ने आयोजना/कार्यक्रम |
| ७. | फोहोरमैला व्यवस्थापन | आधुनिक प्रविधिको उपयोग गरी फोहोरमैला व्यवस्थापन गर्ने आयोजना/कार्यक्रम |

**६. विशेष अनुदान माग गर्दा आयोजना प्रस्तावको लागि तयार/पेश गर्नु पर्ने आवश्यक कागजातहरु तथा विवरण**

**आवश्यक कागजातहरु**

(क) आयोजनाको सम्भाव्यता अध्ययन प्रतिवेदन (Feasibility Study Report )

(ख) आयोजनाको विस्तृत परियोजना प्रतिवेदन (DPR) वा विस्तृत ईन्जिनियरिङ्ग प्रतिवेदन (DER) वा ईन्जिनियरिङ्ग डिजाईन वा ड्र्ईङ्ग डिजाईन/स्पेशिफिकेशन सहितको विस्तृत प्रतिवेदन वा पूर्वाधार बाहेकका आयोजनाहरुमा आयोजना/कार्यक्रमको कार्यान्वयन ढाँचा र समय तालिका

(ग) प्रचलित कानून बमोजिम आयोजना/कार्यक्रमको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) वा वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) प्रतिवेदन

(घ) आयोजनाको कूल लागत अनुमान सारांश (Summary of Cost Estimates)

(ङ) आयोजनाको कार्यान्वयन र सञ्चालनबाट सिर्जना हुने प्रत्यक्ष रोजगारीको विश्लेषण प्रतिवेदन

(च) प्रदेश वा स्थानीय तहले विशेष अनुदान माग गर्ने सम्बन्धमा गरेका निर्णयको प्रतिलिपि

**विवरणहरु**

(क) आयोजना कार्यान्वयन र सञ्चालनबाट लाभान्वित हुने जनसंख्याको विवरण

(ख) आयोजना/कार्यक्रमबाट प्राप्त हुने मापन योग्य प्रतिफल वा लाभको अनुमानित विवरण

(ग) आयोजना/कार्यक्रम निर्माण/कार्यान्वयन/सञ्चालन गर्दा उपयोग हुने स्थानीय श्रोत, साधन परिचालनको विवरण

(घ) आयोजना/कार्यक्रम नेपाल सरकारको वर्तमान नीति तथा कार्यक्रम सम्बन्धित प्रदेश वा स्थानीय तहको नीति तथा कार्यक्रम वार्षिक कार्यक्रम र प्राथमिकताममा परेको पुष्टयाँईको विवरण

(ङ) आयोजना/कार्यक्रमले सम्बन्धित प्रदेश वा स्थानीय तहको जनताको आयस्तर वा गरीबी निवारणमा योगदान पुर्याउने पुष्टयाँईको विवरण

(च) आयोजना/कार्यक्रमको कार्यान्वयनको लागि भौतिक क्षमता र जनशक्ति उलब्ध रहेको पुष्टयाँईको विवरण

(छ) एक आर्थिक वर्ष भन्दा बढी अवधिको आयोजना/कार्यक्रम भए प्रत्येक वर्षको लागि आवश्यक पर्ने रकमको विवरण र वार्षिक अपेक्षित भौतिक प्रगतिको विवरण

७. **आयोजना/कार्यक्रम प्रस्ताव गर्दा निम्न लिखित शर्तहरु पुरा भएको घोषणा गर्नुपर्नेछ।**

| **क.सं.** | **शर्तहरु** |
|---|---|
| १. | आयोजना/ कार्यक्रम प्रस्ताव गर्दा आ.व. २०७६/७७ मा विशेष अनुदान प्राप्त गरेका बहुवर्षीय प्रकृतिका आयोजनाहरूलाई पहिलो प्राथमिकतामा राखी आयोजना प्रस्ताव पेश गरेको । |

| | |
|---|---|
| २. | आयोजना/कार्यक्रमको कूल लागत सीमाभित्र रहेको गाउँपालिका र नगरपालिकाको हकमा कम्तिमा रु. ५० लाख र बढीमा रु. ५ करोडसम्म, उपमहानगरपालिका र महानगरपालिकाको हकमा कम्तिमा रु. ५० लाख र बढीमा रु. १० करोडसम्म तथा पदेशको हकमा कम्तिमा रु. १० करोड र बढीमा रु. ३० करोडसम्म) । |
| ३. | आयोजना/कार्यक्रम कार्यान्वयन गर्नुपर्ने आवश्यकता र पुष्ट्याँई भएको । |
| ४. | आयोजना/कार्यक्रम कार्यान्वयनका लागि भौतिक क्षमता तथा जनशक्तिको उपलब्धता रहेको । |
| ५. | माथि उल्लिखित क्षेत्र अन्तर्गत प्रस्ताव गरेको । |
| ६. | प्रस्ताव पेश गर्ने प्रदेश वा स्थानीय तहको वार्षिक कार्यक्रम तथा बजेटमा परेको । |
| ७. | नेपाल सरकारको प्राथमिकतामा परेको । |
| ८. | पूर्वाधार निर्माण सम्बन्धि आयोजना/कार्यक्रमको हकमा आयोजनाको विस्तृत प्रतिवेदन, Drawings, Design, Sketch भएको । |
| ९. | आयोजनाको सम्भाव्यता अध्ययन भएको । |
| १०. | प्रचलित कानून बमोजिम वातावरणीय प्रभाव मूल्यांकन (EIA) वा प्रारम्भिक वातावरणीय परिक्षण (IEE) आवश्यक पर्ने भएमा सोको मूल्यांकन भएको । |
| ११. | आयोजना/कार्यक्रमको प्रस्ताव तयार भएको । |
| १२. | वार्षिक लागत सहित आयोजना/कार्यक्रमको कार्यान्वयन योजना भएको । |
| १३. | नेपाल सरकारले कार्यान्वयन गर्ने वा प्रदेश वा स्थानीय तहले आफ्नै वा अन्य स्रोतबाट एवम् समानीकरण, सशर्त र समपूरक अनुदानबाट कार्यान्वयन गर्ने आयोजना/कार्यक्रमसँग दोहोरो नपरेको । |
| १४. | आयोजना अवधि बढीमा ३ वर्ष भएको । |
| १५. | वातावरण प्रतिकूल असर नगर्ने प्रकृतिको । |
| १६. | स्थानीय तहहरूले अधिकतम ३ (तीन) वटा आयोजनाहरू प्रस्तावको रूपमा पेश गरको र त्यस्ता आयोजनाहरूको प्राथमिकीकरण समेत निर्धारण गरी पेश गरेको । |
| १७. | प्रदेशहरूको हकमा अधिकतम ७ (सात) वटा सम्म आयोजनाहरू प्रस्ताव गरेको र त्यसरी प्रस्ताव गर्दा प्राथमिकीकरण समेत निर्धारण गरी पेश गरेको। |

८. आयोजना प्रस्ताव गर्दा राष्ट्रिय योजना आयोगले तयार गरेको वेवसाईट (www.msgrants.gov.np) बाट विवरणहरु अनलाईन भरी प्रस्ताव गर्नुपर्नेछ। उल्लेखित कागजातहरु अनलाईनमा पेश गर्न नसकिने (प्रत्येक फाईल 1 MB भन्दा ठूलो) भएमा त्यसको सारांश तयार गरी पेश गर्नु पर्नेछ। राष्ट्रिय योजना आयोगले आवश्यक भएमा उक्त कागजातको प्रतिलिपी मगाउन सक्नेछ।

आ. व. २०७७/७८ को लागि विशेष अनुदानबाट कार्यान्वयन गरिने आयोजना/कार्यक्रम छनोट गर्दा आ. व. २०७६/७७ मा विशेष अनुदान प्राप्त गरेका बहुवर्षीय प्रकृतिका आयोजनाहरुलाई पहिलो प्राथमिकता दिइनेछ ।साथै सोही आर्थिक वर्षमा विशेष अनुदानबाट कार्यान्वयन गरिने आयोजना/कार्यक्रम छनोट गर्दा नयाँ आयोजनातर्फ आ. व. २०७६/७७ मा विशेष अनुदान प्राप्त नगरेका स्थानीय तहबाट प्रस्ताव गरिएका आयोजना/ कार्यक्रमहरुलाई प्राथमिकता दिइनेछ ।

९. **आयोजना प्रस्तावसम्बन्धि अन्य जानकारीको लागि संलग्न फाईलहरू हेर्न सकिनेछ।**

(क) समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७५

(ख) समपूरक अनुदान सम्बन्धी कार्यविधि (पहिलो संशोधन), २०७६

(ग) विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५

(घ) विशेष अनुदान सम्बन्धी कार्यविधि (पहिलो संशोधन), २०७६

(ङ) आयोजना विवरण वेवसाईटमा भर्ने प्रयोगकर्ता पुस्तिका